# विद्यालयका लागि COVID स्मार्ट उपायहरू

## परिवारहरूका लागि सूचना

हामीलाई थाहा छ कि कक्षाकोठामा सबै सँगै हुनु हाम्रा विद्यार्थीहरूको सिकाई, विकास र हितका लागि सबैभन्दा राम्रो कुरा हो। यो त्रैमास (term) मा हामी आफ्ना विद्यार्थीहरूको हित र एकरूपतासहितको परिणाममुखी अध्ययनको वातावरण दुवैलाई प्राथमिकता दिन विभिन्न उपायहरू लागू गरिरहनेछौं।

### यदि अस्वस्थ भए घरमै बस्नुहोस्

- यदि तपाईंको बच्चा अस्वस्थ छ भने, तपाईंले उनीहरूलाई घरमै राख्नुपर्नेछ। यदि उनीहरूमा COVID-19 को लक्षणहरू देखापरेको छ भने, उनीहरूले COVID-19 परीक्षण (PCR वा RAT) गर्नुपर्छ र घरमै सुरक्षित रूपमा COVID-19 को व्यवस्थापन गर्ने (managing COVID-19 safely at home) सम्बन्धी NSW सरकारको सुझावको पालना गर्नुपर्छ।
- तपाईंको बच्चाले लक्षणहरूबाट मुक्त भएपछि मात्र विद्यालय फर्कनुपर्छ।

### खोपहरू

- COVID-19 र अन्य भाईरल बिमारीहरूको खोपहरू लगाउनु तपाईंले आफू, आफ्नो परिवार र समुदायलाई सुरक्षित राख्ने सर्वोत्तम उपाय हो। खोप लगाउनु तपाईंको रोग प्रतिरोधात्मक प्रणालीलाई धेरै बिमारीहरू विरुद्ध लड्न मद्दत गर्ने एउटा सुरक्षित र प्रभावकारी उपाय हो।
- सबै योग्य विद्यार्थी तथा कर्मचारीहरूलाई आफ्नो स्वास्थ्यको सुरक्षाको लागि खोपहरूसँग अद्यावधिक रहन विशेषरूपमा प्रोत्साहित गरिन्छ।
- विशेष उद्देश्य भएका विद्यालयहरू (schools for specific purposes (SSPs)) मा काम गर्ने सबै कर्मचारीहरूले अनिवार्य रूपमा COVID-19 को दुईवटा खोपहरू लगाएको हुनुपर्नेछ वा उनीहरूसँग वैध विपरीत चिकित्सिकीय संकेतहरू (medical contraindications) हुनुपर्नेछ।

### द्रुत एन्टिजेन परीक्षण

- यदि तपाईंको बच्चालाई COVID-19 को लक्षणहरू देखापरेमा द्रुत एन्टिजेन परीक्षण (Rapid antigen tests (RATs)) गर्नुपर्छ।
- COVID-19 परीक्षणको नतिजा पोजेटिभ आएमा विद्यार्थीहरूलाई त्यो जानकारी आफ्नो विद्यालयलाई दिन र NSW स्वास्थबाट सही समयमा सल्लाह तथा सहायता प्राप्त गर्न उनीहरूको पोजेटिभ नतिजालाई Service NSW मा दर्ता गर्न प्रोत्साहित गरिन्छ।
- विद्यालयहरूले प्रकोप भएको अवस्थामा निगरानी परीक्षणको लागि विद्यालय परिसरहरूमा द्रुत एन्टिजेन परीक्षण किटहरूको अतिरिक्त स्टक राख्नेछन्।

### स्वच्छता र सरसफाई

- विद्यार्थीहरूलाई नियमित साबुन तथा पानीले हात धुन र आवश्यकता अनुसार व्यक्तिगत सुरक्षा उपकरणहरू प्रयोग गर्न प्रोत्साहित गरिन्छ।
- विद्यालयहरूमा दिउँसो गरिने थप सरसफाइले धेरै-स्पर्श हुने क्षेत्रहरू र अन्य कडा सतहहरू, ढोकाको ह्यान्डल, लकर, बत्तीका स्विच र भऱ्याङ तथा ओहोरदोहोर गर्ने क्षेत्रहरूमा ह्यान्ड्रेलहरूमा ध्यान केन्द्रित गर्नेछ।

### भेन्टिलेसन (Ventilation)

- संक्रमणको जोखिम कम गर्ने भेन्टिलेसनको सबैभन्दा प्रभावकारी उपाय ताजा हावा हो।
- गर्मी महिनाहरूमा, तापक्रममा आरामदायी सन्तुलन राख्न ठन्डा राख्ने कार्य (कुलिङ्) लाई भेन्टिलेसनसँग संयोजित गरेर प्रयोग गरिनेछ।
- आवश्यक परेमा भेन्टिलेसन र वायु शुद्धीकरणको उचित स्तर सुनिश्चित गर्न सार्वजनिक विद्यालयहरूभित्रका सबै अध्ययन स्थलहरूको जाँच गरिएको छ।
- सम्भव भएसम्म भवनबाहिरका स्थानहरू प्रयोग गर्न दिइने प्रोत्साहनलाई निरन्तरता दिइनेछ।

## मास्कहरू

- सबै कर्मचारी, विद्यार्थी र आगन्तुकहरूलाई सम्भव भएसम्म मास्क लगाउन, विशेषगरी इनडोर स्थलहरूमा र\वा भेन्टिलेसन नहुने र दुरी कायम गर्न सम्भव नहुने अन्य अवस्थाहरूमा, र यदि उनीहरू COVID-19 को सम्पर्कमा आएको अवस्थामा मास्क लगाउन विशेष प्रोत्साहन गरिन्छ।
- सबै कर्मचारीहरू, स्वयंसेवकहरू र COVID-19 बाट संक्रमित भएमा गम्भीर बिमारी हुनसक्ने जोखिम बढी भएका विद्यार्थीहरूलाई सहायता गर्ने अन्य कामदारहरूले उनीहरू विशेष उद्देश्य भएका विद्यालयहरू, सहायता इकाईहरू वा मूलधारका विद्यालयहरू जहाँसुकै भए पनि सबै समयमा अनिवार्य रूपमा मास्क लगाउनु पर्ने नियमलाई निरन्तरता दिनुपर्नेछ।

## आगन्तुकहरू (Visitors)

- आगन्तुकहरू उनीहरूको खोप अवस्थाको बावजूद विद्यालय परिसरहरूमा उपस्थित हुन सक्छन्।
- विद्यालय संचालन तथा पाठ्यक्रम पढाउने क्रममा निश्चित उच्च-जोखिम अवस्थाहरूमा विद्यार्थीहरूसँग प्रत्यक्ष काम गर्ने आगन्तुकहरू र विद्यार्थीहरूको सुस्वास्थ्यको लागि काम गर्ने सम्बद्ध स्वास्थ्य पेशाकर्मीहरूले मास्क लगाउनु पर्नसक्छ।

## क्रियाकलापहरू

- स्वास्थ्य तथा सुरक्षा जोखिम मूल्यांकनहरूलाई योजना चरणका क्रियाकलापमा, शैक्षिक भ्रमण र रात्री शिविहरूसमेत, संलग्न गरिनेछ।
- अभिभावक तथा हेरचाहकर्ताहरूलाई संक्रमण हुनसक्ने जोखिमको बारे सजग गराइन्छ र उनीहरूले केही क्रियाकलापहरूको लागि अनुमति दिनुपर्ने हुन्छ।

## स्थानीय परिस्थितिहरूमा प्रतिक्रिया दिने

- विद्यालयहरूले भाइरल रोगको प्रकोप लगायत स्थानीय परिस्थितिहरूप्रति उचित प्रतिक्रिया दिन विभागको स्वास्थ्य, सुरक्षा र कर्मचारी कल्याण मामिला व्यवस्थापन टोलीसँग काम गर्नेछन्।
- केही अवस्थाहरूमा, विद्यालयहरूले संक्रमणको श्रृंखला रोक्न निश्चित अवधिको लागि अस्थाई रूपमा थप उपायहरू, मास्क लगाउनुपर्ने, अनावश्यक क्रियाकलापहरूलाई पछि सार्ने वा सीमित गर्ने र तोकिएका समूहलाई टाढाबाट अध्ययन गर्न निर्देशन दिने समेत, लागू गर्न सक्छन्।

## टाढाबाट अध्ययन

- दुरशिक्षा मार्फत अध्ययन गर्नुपर्ने आवश्यकता भएका विद्यार्थीहरूलाई सहायता गर्न विद्यालयहरूलाई डिजिटल, निर्देशनसहितको र प्रिन्ट गरिएका अध्ययन सामग्रीहरू उपलब्ध भईरहने छ।

## टेलिफोन दोभाषे सेवा

यदि तपाईंलाई थप जानकारी आवश्यक भएमा कृपया आफ्नो विद्यालयका प्रधानाध्यापकलाई फोन गर्नुहोस्। यदि तपाईंलाई आफ्नो सोधपुछमा सहयोग गर्नको लागि दोभाषेको आवश्यकता छ भने कृपया टेलिफोन दोभाषे सेवालाई 131 450 मा फोन गर्नुहोस् र आफ्नो भाषाको दोभाषेको लागि अनुरोध गर्नुहोस्। तपाईंले फोन गर्न चाहेको फोन नम्बर अपरेटरलाई बताउनुहोस्, र अपरेटरले तपाईंलाई कुराकानीमा सहयोग गर्न लाइनमा दोभाषे उपलब्ध गर्नेछन्। तपाईंलाई यो सेवाको लागि शुल्क लाग्ने छैन।

### एन.एस.डब्ल्यू. सरकार विद्यार्थी तथा विद्यालयका कर्मचारीहरूको सुरक्षा तथा हितलाई प्राथमिकतामा राख्दै निरन्तर विद्यालयहरू सञ्चालन हुने सुनिश्चित गर्न प्रतिबद्ध छ।